06 November 2024

National News

मुख्य समाचार

- अमेरिकी राष्ट्रपति चुनाउमा रिपब्लिकन उम्मेदवार श्री डोनाल्ड ट्रम्पको ऐतिहासिक जीत
- प्रधानमन्त्री श्री नरेन्द्र मोदीले श्री ट्रम्पलाई दिनुभयो बधाई
- मेधावी विद्यार्थीहरूका लागि प्रधानमन्त्री–विद्यालक्ष्मी योजना मन्त्रीमण्डलद्वारा स्वीकृत
- झारखण्ड र महाराष्ट्रमा चुनावी अभियान तिव्र बन्दै
- विदेशमन्त्री डा. एस. जयशंकरले अस्ट्रेलियाका प्रधानमन्त्रीसित गर्नुभयो भेट
- देशका विभिन्न भागमा लोक आस्थाको महान् पर्व छठ पालन गरिँदै

अमेरिकी राष्ट्रपति चुनाउ

अमेरिकी राष्ट्रपति चुनाउमा रिपब्लिकन उम्मेदवार श्री डोनाल्ड ट्रम्पको निर्णायक एवम् ऐतिहासिक जीत सुनिश्चित भएको छ। डेमोक्र्याटिक उम्मेदवार सुश्री कमला ह्यारिसलाई पराजित गर्दै श्री ट्रम्प दोस्रोपल्ट अमेरिकी राष्ट्रपति पदका लागि निर्वाचित हुनुभएको छ।

श्री डोनाल्ड ट्रम्पले 277 इलेक्टोरल भोट प्राप्त गरिसक्नुभएको छ भने सुश्री कमला ह्यारिसले 224 इलेक्टोरल भोट जित्नुभएको छ। मतगणना जारी छ।

अमेरिकामा कुल 538 इलेक्टोरल कलेज भोटहरू छन् र बहुमतका लागि 270 मतको आवश्यकता पर्दछ ।

एउटा महत्त्वपूर्ण घटनाक्रममा श्री ट्रम्पको रिपब्लिकन पार्टीले ओहायो र वेस्ट भर्जिनियामा विजय हासिल गर्दै सिनेटमा आफ्नो नियन्त्रण कायम गरेको छ।

श्री डोनाल्ड ट्रम्पले आफ्नो दोस्रो कार्यकालमा अमेरिकालाई अझ बलियो बनाउने र महत्त्वपूर्ण परिवर्तन गर्ने संकेत गर्नुभएको छ।

## पीएम-ट्रम्प

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले अमेरिकी राष्ट्रपति चुनाउमा विजयी हुनुभएकोमा श्री डोनाल्ड ट्रम्पलाई बधाई दिनुभएको छ। प्रधानमन्त्रीले आफू भारत-अमेरिका मैत्री सम्बन्धलाई बलियो बनाउन सहयोगको लागि तत्पर भएको बताउनुभएको छ। श्री मोदीले विश्व शान्ति, स्थिरता र समृद्धिको प्रवर्द्धन गर्न र दुवै देशका जनताको हितमा मिलेर काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

## मन्त्रिपरिषद्को निर्णय

सरकारले मेधावी विद्यार्थीहरूलाई आर्थिक सहायता उपलब्ध गराउन प्रधानमन्त्री–विद्यालक्ष्मी योजना स्वीकृत गरेको छ । आज नयाँ दिल्लीमा बसेको मन्त्रिमण्डल बैठकको निर्णयबारे सञ्चारकर्मीलाई जानकारी दिँदै सूचना तथा प्रसारण मन्त्री श्री अश्विनी वैष्णवले उच्च शिक्षा अध्ययनका लागि विद्यार्थीलाई बिना धितो ऋण उपलब्ध गराइने बताउनु भयो।

श्री वैष्णवले भन्नुभयो, सरकारले भारतीय खाद्य निगमका लागि दश हजार सातसय करोडको इक्विटी लगानीलाई पनि स्वीकृत गरेको छ। उहाँले भन्नुभयो, यो FCI को परिचालन क्षमता अभिवृद्धिको लागि महत्वपूर्ण कदम हो।

## प्रधान -पीएम विद्यालक्ष्मी

शिक्षामन्त्री श्री धर्मेन्द्र प्रधानले प्रधानमन्त्री विद्यालक्ष्मीका निम्ति मन्त्रिमण्डलले तीन हजार ६ सय करोड रुपियाँको बजेट अनुमोदन गरेसँगै उच्च शिक्षामा रहेका अवरोध हटेर देशका युवाले आफ्नो सपना साकार पार्न सक्ने बताउनुभएको छ। श्री प्रधानले प्रधानमन्त्री विद्यालक्ष्मी अन्तर्गत धितो र ग्यारेन्टरमुक्त शिक्षा ऋणले मेधावी विद्यार्थीहरूका लागि उच्च शिक्षामा पहुँच सहज हुने बताउनुभएको छ। यस योजनाले आर्थिक अभावले विद्यार्थीलाई शिक्षा लिनदेखि बञ्चित हुनबाट जोगाउने बताउनुभएको छ।

वार्षिक आठ लाखसम्म पारिवारिक आम्दानी भएका विद्यार्थीले १० लाखसम्मको शैक्षिक ऋणमा तीन प्रतिशत ब्याज अनुदान पाउने श्री प्रधानले बताउनुभयो। उहाँले साढे सात लाखसम्मको ऋणमा 75 प्रतिशत क्रेडिट ग्यारेन्टी हुने बताउनुभयो । उहाँले सबै बैंकका लागि साझा हुने पारदर्शी, विद्यार्थीमैत्री र डिजिटल आवेदन प्रक्रियामार्फत शैक्षिक कर्जा उपलब्ध गराइने बताउनुभयो । राष्ट्रिय संस्थागत ऱ्याङ्किङ फ्रेमवर्क NIRF को आधारमा देशका उत्कृष्ट 860 उच्च शिक्षा संस्थामा भर्ना हुने विद्यार्थीलाई प्रधानमन्त्री विद्यालक्ष्मी अन्तर्गत शैक्षिक कर्जा सुविधा उपलब्ध गराइने उहाँले बताउनुभयो । यसबाट हरेक वर्ष २२ लाखभन्दा बढी विद्यार्थी लाभान्वित हुने श्री प्रधानले बताउनुभयो । उहाँले राष्ट्रिय शिक्षा नीति कार्यान्वयनको दिशामा

प्रधानमन्त्री विद्यालक्ष्मी अर्को ठोस कदम भएको र यसले गरिब तथा मध्यम वर्गका लाखौं विद्यार्थीलाई सशक्तिकरण गर्ने बताउनुभयो ।

विधानसभा चुनाउ

झारखण्डमा राष्ट्रिय जनतान्त्रिक गठबन्धन र इन्डिया गठबन्धनका नेताहरूले आ-आफ्नो उम्मेदवारको पक्षमा चुनावी अभियानलाई तीव्र पारेका छन्। झारखण्डमा बीजेपीका चुनाउ प्रभारी श्री शिवराज सिंह चौहानले झारखण्ड मुक्ति मोर्चा र कंग्रेसमाथि आरोप लगाउँदै भन्नुभएको छ, दुबै पार्टीले राज्यका जनतालाई झूटा वाचा गरेर धोका दिएका छन्।

अर्कोतर्फ, एउटा जनसभालाई सम्बोधन गर्दै झारखण्ड मुक्ति मोर्चाका वरिष्ठ नेता एवम् मुख्यमन्त्री श्री हेमन्त सोरेनले भाजपाले उहाँलाई पदबाट हटाउन षड्यन्त्र गरेको आरोप लगाउनु भयो।

राष्ट्रिय जनता दल, अखिल झारखण्ड विद्यार्थी संघ र भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी-लेनिनवादी) का नेताहरू पनि राज्यका विभिन्न भागहरूमा प्रचार गरिरहेका छन्।

भाजपाका वरिष्ठ नेता तथा प्रधानमन्त्री श्री नरेन्द्र मोदीले यस महिनाको १० तारिख जनसभालाई सम्बोधन गर्नुहुनेछ भने केन्द्रीय गृहमन्त्री श्री अमित शाहले यसै महिनाको ९ तारिख जनसभालाई सम्बोधन गर्नुहुनेछ। भारतीय कम्युनिष्ट पार्टी-मार्क्सवादी पोलिटब्युरो सदस्य श्रीमती वृन्दा करातले आजदेखि पार्टीका उम्मेदवारहरूको पक्षमा जनसभा गर्नुहुँदैछ।

अर्कोतिर, राजस्थानको ७ वटा विधानसभा सिटमा १३ नोभेम्बरमा हुन लागेको उपचुनावका लागि प्रचारप्रसार तीव्र भएको छ । यस उपचुनाउमा कुल 69 जना उम्मेदवार मैदानमा छन् ।

सोहीप्रकारले महाराष्ट्रमा १५ दिनपछि हुने विधानसभा चुनाउलाई ध्यानमा राख्दै राज्यभरि राजनीतिक गतिविधि तीव्र भएको छ। सबै राजनीतिक दलका शीर्ष नेताहरूले मतदातालाई आफ्नो पक्षमा पार्ने प्रयास गरिरहेका छन्।

अर्कोतिर, केरलमा पनि वायनाड लोकसभा सीट र दुई विधानसभा सीटहरूको उपचुनाउका लागि चुनावी अभियान तीव्र भएको छ। विभिन्न राजनीतिक दलका उम्मेदवारहरु प्रचारप्रसारमा व्यस्त छन् ।

जम्मू कश्मीर विधानसभा

जम्मु कश्मीर विधानसभाले आज केन्द्र शासित प्रदेशका लागि विशेष दर्जा र संवैधानिक ग्यारेन्टी माग गरिएको एउटा विशेष प्रस्ताव पारित गरेको छ। उपमुख्यमन्त्री श्री सुरेन्द्रकुमार चौधरीले जम्मु कश्मीरको पहिचान, संस्कृति र अधिकारको रक्षा गर्ने उद्देश्य राखेको प्रस्ताव सदनमा प्रस्तुत गर्नुभएको थियो। प्रस्तावमा केन्द्र सरकारलाई जम्मू-कश्मीरका निर्वाचित जनप्रतिनिधिहरूसँग वार्ता गर्न र विशेष दर्जाको पुनर्स्थापनाका लागि संवैधानिक व्यवस्था गर्न आग्रह गरिएको छ। 5 अगस्त, 2019 मा संसदले जम्मू कश्मीरलाई विशेष दर्जा दिने धारा 370 खारेज गरेको थियो।

जयशंकर-अष्ट्रेलिया

विदेशमन्त्री डा. एस. जयशंकरले आज क्यानबेरामा अस्ट्रेलियाका प्रधानमन्त्री श्री एन्थोनी अल्बानीजलाई भेट गर्नुभयो। विदेश मन्त्रीले भन्नुभयो, भारत र अष्ट्रेलिया बीचको व्यापक रणनीतिक साझेदारीलाई सुदृढ बनाउन प्रधानमन्त्री श्री अल्बानिजको निर्देशन महत्त्वपूर्ण छ।

डा. जयशंकरले भारत-अष्ट्रेलिया संसदीय मैत्री समूहका सदस्यहरूसँग पनि अन्तरक्रिया गर्नुभयो। उहाँले राजनीतिक, आर्थिक र जनसम्पर्कलाई बलियो बनाउन सदस्यहरुको सुझाउको प्रशंसा गर्नुभयो ।

डा. जयशंकरले क्यानबेरामा न्यूजिल्याण्डका विदेशमन्त्री श्री विन्स्टन पिटर्ससँग पनि भेटवार्ता गर्नुभएको थियो। शिक्षा, प्रविधि, कृषि र जन सम्पर्कका विषयमा छलफल भएको थियो । दुवै नेताले हिन्द प्रशान्त र वैश्विक मुद्दाहरूमा पनि छलफल गर्नुभएको थियो।

यसरी नै विदेशमन्त्री डा. जयशंकरले युएईका विदेशमन्त्री श्री शेख अब्दुल्लाह बिन जायद बिन सुल्तान अल नह्यानसँग पनि भेट गर्नुभएको छ ।

छठ पर्व

लोक आस्थाको महान् पर्व छठका अवसरमा आज साँझ देशका विभिन्न भागमा खरनाको पालन गरियो । भोलि साँझ अस्ताचलगामी सूर्यलाई र शुक्रबार बिहान उदाउँदो सूर्यलाई अर्घ दिएसँगै छठ पर्वको समापन हुनेछ ।

फिल्म महोत्सव - गोवा

भारतको ५५ औँ अन्तर्राष्ट्रिय फिल्म महोत्सव 20 नोभेम्बरदेखि गोवामा सुरु हुँदैछ । नौ दिनसम्म चल्ने महोत्सवमा फिल्म बजारको १८ औं संस्करण पनि समावेश हुनेछ। महोत्सव 28 तारिकसम्म चल्नेछ । यो वर्ष भारत र दक्षिण एसियाका चलचित्रहरू देखाइनेछन् । यसले फिल्म निर्माताहरूलाई वैश्विक फिल्म प्रोग्रामर, वितरक, सेल्स एजेन्ट र लगानीकर्ताहरूसँग जोडिने अवसर पनि प्रदान गर्नेछ।